नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर।

☎९७७-०१-५४२१३५९
९७७-०१-५४२६२७६
इमेलःsqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np

मितिः २०८१/९/३

## बीउ बिजनका किसिम वा जात दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

बीउ बिजन नियमावली, २०८१ को अनुसूची-३ मा उल्लिखित प्राथमिकता प्राप्त बाहेकका नेपालमा विकास गरिएका र आयातित अन्य बाली (नेपाल भित्र कारोवार हुने तरकारी बालीका आयातित जात बाहेक) तथा नेपाली निकाय वा संस्थाले स्वदेशी वा विदेशी सङ्घ संस्थाको सहयोग वा साझेदारीमा वा अन्य कुनै किसिमले बीउ बिजनको उत्पादन गरी नेपालभित्र व्यावसायिक कारोवार नगरी नेपाल बाहिर निर्यात गरिने आयातित बीउ बिजनका किसिम वा जातको बीउ बिजन नियमावली, २०८१ को नियम ९ को उपनियम (१) को खण्ड (ग) बमोजिम दर्ता गराउन निम्नानुसारका कागजातहरु सहित नियमावलीको अनुसूची-४ बमोजिम आवेदन पेश गर्नु हुन सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

दर्ताका लागि आवश्यक कागजात तथा विवरण

१. ब्रिडर सर्टिफिकेट/प्रोड्यूसर सर्टिफिकेट,
२. प्रस्तावित जातको सिफारिस क्षेत्र समेत खुलेका वानस्पतिक तथा एग्रोनोमिक विवरण (मर्फोलोजिकल एण्ड एग्रोनोमिक ट्रेट्स),
३. जात विकास गर्ने निकायबाट प्रस्तावित जात अनुवंश परिवर्तित जीव (जेनेटिकल्ली मोडीफाइड अर्गानिज्म्) वा जीवित रूपमा रुपान्तरित जीव (लिभिङ्ग मोडीफाइड अर्गानिज्म) वा वंश नपुसंक बीउ (टर्मिनेटर सीड) नभएको आधिकारिक पत्र,
४. जातीय पहिचानसँग सम्बन्धित मोलिक्युलर ट्रेट्स (तरकारीवालीका वर्णशंकर जात, खाद्यान्न वाली, दलहन र तेलहनबालीका जातको हकमा DNA finger print अनिवार्य रुपमा पेश गर्नुपर्ने),
५. निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
६. जात पञ्जीकृत हुनका लागि निवेदकको निर्णय सहितको अनुरोध पत्र (सरकारी निकायको हकमा मात्र),
७. निजी क्षेत्रका निवेदकको संस्था दर्ता, करचुक्ता, नवीकरण, बीउ व्यवसाय अनुमतिपत्र लगायतका संस्थाको कानूनी हैसियत खुल्ने कांगजातहरू,
८. बीउका कारणले वाली नोक्सानी भएमा क्षतिपूर्ति उपलब्ध गराउने लिखित प्रतिवद्धता,
९. राजस्व दाखिलाको भौचर (वर्णशंकर जातःरु १००० र अन्य जातःरु ५००),
१०. नेपाली साझेदारले अनुरोध गरेको प्रस्तावित जातको सिफारिस क्षेत्र ।

२०८१/०९/०३.
वेनु प्रसाद प्रसाई
प्रमुख (रा.प.प्र.प्रा)

Scanned with CamScanner